**Interdisciplinary Research in Education**
Volume 8, Issue 1, 2023: 1-12
DOI: https://doi.org/10.3126/ire.v8i1.56721



# आषाढको पन्ध्र निबन्धमा अभिव्यक्त ध्वनिसौन्दर्यको शैक्षणिक उपादेयता

**रविकिरण अधिकारी**
ravikiran.adhikari1@gmail.com
सहप्राध्यापक, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर

**शब्दकुन्जी**
*अभिधा*
*ध्वन्यार्थ*
*प्रतीयमान*
*लक्षणा*
*व्यञ्जना*

**लेखसार**

*प्रस्तुत लेख निबन्धकार लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित 'आषाढको पन्ध्र' निबन्धमा आधारित छ । आचार्य आनन्दवर्धनद्वारा प्रतिपादित ध्वनि सिद्धान्तका आधारमा उक्त निबन्धमा अभिव्यक्त ध्वन्यार्थ पहिचान गरी त्यसको साहित्यिक प्रयोजन एवम् कलात्मक रूपान्तरणको विश्लेषण गरी शैक्षणिक उपादेयता ठम्याउनु यस लेखको उद्देश्य हो । यस अध्ययनमा पूर्वस्थापित सिद्धान्तका आधारमा तथ्यविश्लेषण गरिएको हुँदा मूल रूपमा निगमनात्मक विधिको प्रयोग गरिएको छ अनि साक्ष्यहरूको प्रस्तुति र स्पष्टीकरणका लागि आगमनात्मक विधिको समेत उपयोग गरी कृतिविश्लेषणको ध्वनिवादी पद्धतिका आधारमा निबन्धको विश्लेषण गरी त्यसलाई शैक्षणिक सन्दर्भसँग आबद्ध गरिएको छ । प्रथम आधुनिक आत्मपरक निबन्धरचना भनेर चिनिने 'आषाढको पन्ध्र' मा स्वच्छन्दतावादी विचारलाई निबन्ध संरचनामा संश्लेषण गरेर प्रस्तुत गरिएको छ । यसमा विचारको कलात्मक रूपान्तरण भएको छ र त्यसो हुनुमा ध्वनिसामर्थ्यले सघाएको छ । आगतप्रति निश्चिन्त रही विगतबाट सिक्दै वर्तमानमा कर्मशील र अकृत्रिम तरिकाले बाँच्नु नै जीवनको सार्थकता हो भन्ने अभिप्राय निबन्धमा ध्वनित भएको छ । अतः ध्वनिसौन्दर्य एवम् कलात्मक मूल्यका दृष्टिले 'आषाढको पन्ध्र' निबन्धको स्थान उच्च छ भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ । विधा शिक्षणका सन्दर्भमा शब्दभण्डार वृद्धिका साथसाथै भाषाको सिर्जनात्मक  समीक्षात्मक अभिव्यक्ति कौशलको विकासका लागि विवेच्य निबन्धको शिक्षणबाट प्रचुर सहयोग लिन सकिने प्रस्तुत अध्ययनको निष्कर्ष रहेको छ ।*

## परिचय

'आषाढको पन्ध्र' नेपाली साहित्यका सुप्रसिद्ध निबन्धकार लक्ष्मीप्रसाद देवकोटाद्वारा रचिएको निबन्ध हो । नेपाली साहित्यका गद्यपद्य दुवैतर्फ प्रसिद्धि हासिल गरेका देवकोटालाई कविता विधापछि सर्वाधिक सफलता निबन्ध विधामा प्राप्त भएको छ । उनले विषयवस्तु, भाव र शैलीका दृष्टिले उच्चकोटिका निबन्धहरूको रचना गरेका छन् । उनी मानवतावादी विचार अँगाली स्वच्छन्दतावादी भावधारामा प्रकृतिको मन्मय चित्रण गर्दै निजात्मक शैलीमा हार्दिक अभिव्यक्ति प्रकट गर्ने निबन्धकार हुन् । उनका *लक्ष्मी निबन्ध सङ्ग्रह* (वि.सं. २००२), दाडिमको रुखनेर (वि.सं. २०३९) र *महाकवि देवकोटाका निबन्ध* (वि.सं. २०६६) गरी तीनवटा निबन्ध सङ्ग्रहहरू प्रकाशित छन् । 'आषाढको पन्ध्र' उनको *लक्ष्मी निबन्धसङ्ग्रह*मा सङ्गृहीत निबन्ध हो । यस निबन्धलाई पौरस्त्य दर्शन, साहित्यको समाजशास्त्र, स्वच्छन्दतावाद आदि सैद्धान्तिक आधारमा अध्ययन गर्न सकिन्छ । अध्ययनको एउटा पद्धति ध्वनिवादी सिद्धान्त पनि हो ।

ध्वनिवाद संस्कृत समीक्षाशास्त्रीय परम्परामा स्थापित सिद्धान्त हो । यस सिद्धान्तको प्रतिपादन विक्रमको नवौँ शताब्दीका आचार्य आनन्दवर्धनले गरेका हुन् । ध्वनि सिद्धान्तको स्थापना गर्ने उनको प्रसिद्ध ग्रन्थ *ध्वन्यालोक* हो । ध्वनिविरोधी मतहरूको खण्डन गरी पूर्वस्थापित कतिपय काव्यशास्त्रीय विचार हरूलाई समेट्दै आनन्दवर्धनले ध्वनि सिद्धान्तको प्रतिपादन गरेका छन् । त्यसैले ध्वनिवादलाई समन्वयवादी सिद्धान्त पनि भनिन्छ । आनन्दवर्धनले वाच्यार्थलाई गौण तुल्याएर आउने प्रतीयमान अर्थ वा व्यङ्ग्यार्थलाई ध्वनिका रूपमा परिभाषित गरेका छन् । उनका मान्यताअनुसार यो भावकका हृदयमा प्रतीयमान, भासमान, गम्यमान, अनुभूयमान वा ध्वन्यमान अर्थका रूपमा प्रकट हुन्छ । व्यञ्जना शक्तिद्वारा व्यङ्ग्यार्थका रूपमा बोध हुनु यसको खास पहिचान हो । 'आषाढको पन्ध्र' निबन्धमा अभिव्यञ्जित विचार वा अभिप्राय वाचक शब्द र वाच्य अर्थका तहबाट प्रकट गरिने अर्थभन्दा पर छ । त्यसका निम्ति व्यञ्जना वृत्तिको आवश्यकता पर्दछ । व्यञ्जना वृत्ति ध्वनिसँग सम्बन्धित पक्ष हो । यस दृष्टिले 'आषाढको पन्ध्र' निबन्ध अध्ययनीय छ ।

निबन्ध विश्लेषणका विविध सिद्धान्तहरू छन् । तीमध्ये ध्वनिवादी पद्धति पनि एउटा बहुचर्चित विश्लेषण पद्धति हो । आचार्य मम्मटले वाच्यार्थभन्दा व्यङ्ग्यार्थ अधिक चमत्कारी भएको व्यङ्ग्यलाई ध्वनि भनेका छन् (भट्ट, २०५६, पृ. ९०) । वाचक र लाक्षणिक शब्दले दिने वाच्यार्थ र लक्षणार्थभन्दा भिन्न व्यञ्जक शब्द र व्यञ्जना वृत्तिद्वारा प्रकट हुने व्यङ्ग्यार्थले साहित्यमा अन्तर्निहित सौन्दर्यको उद्घाटन गरी उच्चस्तरको प्रतीयमान अर्थबोध गराउने क्षमता राख्ने भएको हुँदा ध्वन्यार्थप्रधान साहित्य नै उत्कृष्ट साहित्य हो भन्ने ध्वनिवादी सिद्धान्तको निष्कर्ष छ । प्रस्तुत लेखमा यसै प्रतिमानका आधारमा 'आषाढको पन्ध्र' निबन्धको विश्लेषण गरिएको छ । यस निबन्धका बारेमा पूर्वीय, पाश्चात्य दर्शन र वादका कोणबाट प्रशस्त अध्ययन भए पनि ध्वनि सिद्धान्तका कोणबाट त्यसको विस्तृत र गहन अध्ययन हुन बाँकी नै छ । जेजति अध्ययन भएका छन् ती सङ्क्षिप्त सूत्रात्मक टिप्पणीका रूपमा मात्र रहेकाले यस निबन्धमा रहेको एउटा पक्ष ध्वनिसौन्दर्यको खोजी गरिनु आवश्यक छ । रिक्तज्ञानको उक्त अन्तराललाई सम्बोधन गर्न यस अध्ययनलाई अगाडि बढाइएको हो । निबन्ध विश्लेषणका लागि आचार्य आनन्दवर्धनको ध्वनिवादी सैद्धान्तिक आधार पहिल्याएर 'आषाढको पन्ध्र' निबन्धमा अभिव्यक्त ध्वन्यार्थको पहिचान गरी त्यसको प्रयोजन र कलात्मक रूपान्तरणको सन्धान गर्नु यस लेखको उद्देश्य हो । शैक्षणिक दृष्टिले शब्दभण्डार वृद्धिसँगै भाषाको सिर्जनात्मक तथा समीक्षात्मक अभिव्यक्ति सिपको विकासका

लागि उक्त निबन्धात्मक विधाबाट यथेष्ट सहयोग लिन सकिन्छ। विवेच्य निबन्धको ध्वनिवादी विश्लेषणलाई शैक्षणिक पक्षसँग सन्दर्भित गरी अध्ययनलाई अघि बढाइएको छ ।

## पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक आधार

यस लेखसँग सम्बन्धित पूर्वकार्यहरूको समीक्षात्मक विवरण र सैद्धान्तिक आधारलाई क्रमशः प्रस्तुत गरिएको छ ।

### पूर्वकार्यको पुनरावलोकन

निबन्धकार लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित 'आषाढको पन्ध्र' निबन्धबारे गरिएका पूर्वाध्ययनहरूको. कालक्रमिक पुनरावलोकन सङ्क्षेपमा प्रस्तुत गरिएको छ ।

श्रेष्ठ र शर्मा (२०४०) ले सर्वप्रथम देवकोटाले पाश्चात्य ढङ्गको पूर्ण निजात्मक निबन्ध नेपाली साहित्यलाई दिएको कुरा उल्लेख गर्दै उनको गद्यशैलीमा पद्धतिमूलक आधार पाइनुका साथै विषयवस्तुमा नवीन मानसिक चेतना अभिव्यक्त भएको पाइन्छ भनी चर्चा गरेका छन् । 'आषाढको पन्ध्र' निबन्धले अन्तर्हृदयका भावनालाई कलात्मक मूल्यका साथ संयोजन गर्ने निबन्धकला स्वायत्त गरेको हुँदा यसले नेपाली निबन्धको इतिहासमा आधुनिकताको प्रतिष्ठापन गर्ने श्रेय प्राप्त गरेको छ भन्ने आशयको निष्कर्षात्मक टिप्पणी प्रस्तुत गरेका छन् । सुवेदी (२०४३) ले 'आषाढको पन्ध्र' निबन्धमा देवकोटाको विशुद्ध सौन्दर्य तत्त्व बोकेको स्वत्व प्रस्फुटन भएको उल्लेख गर्दै नेपाली प्रकृति र नेपाली जनमानसको सरलता, पवित्रता अनि प्राकृतिक निश्छलता यस निबन्धबाट प्रमाणित भएको तर्क प्रस्तुत गर्दै यस निबन्धमा देवकोटाको भावघनत्व र स्वच्छन्दतावादी प्रकृतिप्रेमी रूप प्रकट भएको विचार व्यक्त गरेका छन् । त्यसैगरी शर्मा (२०५१) ले 'आषाढको पन्ध्र' निबन्धलाई कवितात्मक गद्यमा लेखिएको आत्मपरक अभिव्यक्ति मानेका छन् । साधारण विषयलाई पनि आफ्नो अध्ययनको वैचारिक रथमा राखेर कल्पनाको शुभ्र बाटोमा दगुराउनु देवकोटाको वैशिष्ट्य रहेको र त्यस प्रकारको विशेषतालाई ' आषाढको पन्ध्र' निबन्धले राम्रैसँग आत्मसात् गरेको सन्दर्भमा यो देवकोटाका उत्कृष्ट निबन्धहरूको पङ्क्तिमा उभिन सफल निबन्ध भएको ठहर गरेका छन् । रोकाया (२०६४) ले *आषाढको पन्ध्र* नामक आत्मपरक निबन्धमा निबन्धकार देवकोटाले निबन्धको विधागत अस्तित्वका साथै मूल्यगत स्थिरता, विकास, आधुनिकीकरण र स्तरीकरणमा उच्च कलात्मकताको निर्वहण गरेको भनी चर्चा गरेका छन् । ओझा (२०६९) ले स्वच्छन्दतावादी साहित्यका पक्षधर देवकोटाले आफ्ना निबन्धमा भाषालाई भावकी जननी मान्दै सहज र स्वस्फूर्त शैलीमा कृत्रिम आधुनिक सभ्यताको यान्त्रिक र सहरिया जीवनभन्दा प्राकृतिक रम्य जीवनको पक्षमा आफ्ना विचारलाई अभिव्यक्त गरी स्वच्छन्दतावादी भावधारालाई वाणी दिएका छन् भनी समीक्षात्मक टिप्पणी गरेका छन् । 'आषाढको पन्ध्र' निबन्ध यसै कोटिमा पर्दछ भन्ने आशय यसमा सन्निहित छ । गड्तौला (२०७०) ले 'आषाढको पन्ध्र' निबन्धमा कला साहित्यसम्बन्धी देवकोटाका विचारहरू व्यक्त भएको कुरा उल्लेख गरेका छन् । देवकोटा कला र साहित्यको स्वतन्त्रता, हार्दिकता, स्वस्फूर्तता, प्राकृतता जस्ता गुणको पक्षमा रहेको सन्दर्भ प्रस्तुत गर्दै 'आषाढको पन्ध्र' निबन्धमा लोकपरम्परामा हुर्केको प्राकृत काव्यत्वको महिमा गायन व्यक्त भएको भनी चर्चा गरेका छन् ।

माथि उल्लेख गरिएका पूर्वकार्यहरू 'आषाढको पन्ध्र' निबन्धको समग्र ध्वनिवादी अध्ययनका लागि नभए पनि आंशिक रूपमा सहयोगी देखिन्छन् । उल्लिखित अध्ययनहरूका पृष्ठाधारमा विवेच्य निबन्धको विश्लेषणका लागि ध्वनिवादी सिद्धान्त र पद्धतिको आधार लिई निबन्धमा अभिव्यक्त

ध्वन्यार्थको प्रयोजन र कलात्मक रूपान्तरणको निरूपण गर्ने प्रयास गरिएको छ ।

## सैद्धान्तिक आधार

ध्वनिवाद संस्कृत काव्यशास्त्रीय चिन्तन परम्परामा स्थापित समीक्षाशास्त्रीय सिद्धान्त हो । ध्वनिवादको प्रवर्तन नवौँ शताब्दीका आचार्य आनन्दवर्धनले गरेका हुन् । ध्वनि सिद्धान्तको प्रतिपादन गर्ने उनको प्रसिद्ध लक्षणग्रन्थ *ध्वन्यालोक* हो । उनले संस्कृत काव्यशास्त्रीय परम्परामा पूर्वस्थापित अलङ्कार, रीति, वक्रोक्ति तथा रस सिद्धान्तमा अन्तर्निहित कतिपय मान्यताहरूलाई ध्वनिभित्र समेटी समन्वयवादी सिद्धान्तका रूपमा ध्वनिवादलाई व्यापकता दिएका छन् ।

ध्वनिसिद्धान्तको आधारतत्त्व व्यञ्जना वृत्ति हो । व्यञ्जनाको शाब्दिक अर्थ विशेष रूपले स्पष्ट गर्नु, खोल्नु वा विकसित गर्नु भन्ने हुन्छ । अभिधा र लक्षणा शक्तिले आआफ्नो अर्थबोध गराइसकेपछि जुन शक्तिद्वारा अन्य अर्थको बोध हुन्छ त्यसलाई व्यञ्जना भनिन्छ (मिश्र, १९९७, पृ. २२२) । व्यञ्जना वृत्तिबाट प्रकट हुने अर्थ व्यङ्ग्यार्थ हो । यसैलाई समीक्षकहरूले ध्वनि भनेका छन् । व्युत्पत्तिका आधारमा ध्वनि शब्दको प्रयोग व्यञ्जक शब्द, व्यञ्जक अर्थ, व्यञ्जना व्यापार र व्यङ्ग्यप्रधान काव्य गरी पाँच भिन्नभिन्न तर परस्पर सम्बद्ध अर्थमा भएको पाइन्छ । यी सबैको केन्द्रमा व्यङ्ग्य भएको हुँदा ध्वनिको अभिप्रायः व्यङ्ग्य नै हो भन्ने प्रस्ट हुन्छ । आनन्दवर्धनले ध्वनिलाई सहृदयश्लाध्य, प्रतीयमान अर्थ, व्यङ्ग्यार्थ भनी काव्य वा साहित्यको केन्द्रीय तत्त्वका रूपमा यसको परिचय गराएका छन् (गड्तौला, २०७१, पृ. ६४) । यसै सन्दर्भमा आचार्य विश्वनाथले आफ्नो प्रसिद्ध लक्षणग्रन्थ *साहित्यदर्पण*मा 'वाच्यातिशायिनी व्यङ्ग्ये ध्वनि :' भनेर वाच्यार्थका तुलनामा व्यङ्ग्यार्थ अधिक सुन्दर र अतिशय चमत्कारपूर्ण भएको रचनालाई ध्वनिकाव्यको संज्ञा दिएका छन् (खण्डेलवाल, १९८३, पृ. ९७) । ध्वनि साहित्य भनेको व्यङ्ग्य साहित्य हो भने भाषाका माध्यमबाट व्यङ्ग्य प्रस्तुत हुने शब्द सामर्थ्य नै व्यञ्जना हो जसमा उत्कृष्ट प्रतीयमान अर्थ बोध गराउने क्षमता रहेको हुन्छ ।

ध्वनि शब्द व्याकरणशास्त्रबाट आएको मानिन्छ । व्याकरणमा स्फोट रूप नित्य अर्थ व्यक्त गर्ने शब्दलाई ध्वनि मानिएको छ । व्याकरणशास्त्रमा अर्थव्यञ्जक शब्दको रूपमा मात्र प्रयोग भएको ध्वनिलाई ध्वनिशास्त्रीहरूले व्यापक अर्थमा लिई व्यञ्जक शब्द, व्यञ्जक अर्थ, व्यङ्ग्य अर्थ, व्यञ्जना व्यापार, व्यङ्ग्य काव्यसमेतलाई यसै शब्दले व्यवहार गरेका छन् (अधिकारी, २०६७, पृ. ८५) । यसप्रकार ध्वनिकार आनन्दवर्धनले व्याकरणशास्त्रको स्फोटवादबाट प्राप्त प्रेरणाका पृष्ठभूमिमा ध्वनि सिद्धान्तको स्थापना गरेका हुन् । यस तथ्यबाट साहित्यिक ध्वनिवादको आधार व्याकरणको स्फोटवाद हो भन्ने कुरा बुभ्न सकिन्छ ।

ध्वनि सिद्धान्तको प्रतिपादन हुनुअघि पनि ध्वनिका सम्बन्धमा पूर्ववर्ती आचार्यहरूले छिटपुट रूपमा चर्चा गर्दै आएको कुरा ध्वनिकारले उल्लेख गरेका छन् । यसबाट आनन्दवर्धनपूर्व पनि ध्वनिको अस्तित्व रहेको र उनले यसलाई व्यवस्थित गरी सैद्धान्तिक रूपमा ध्वनिवादको प्रतिपादन गरेको बुभिन्छ । आनन्दवर्धनले ध्वनिका विपक्षमा उठ्न सक्ने विरोधी मतहरूको खण्डन गर्दै ध्वनिवादको स्थापना गरेका छन् । उनले ध्वनिविरोधी मतहरूलाई अभाववादी, अन्तर्भाववादी र अनिर्वचनीयतावादी गरी मूलतः तीन समूहमा विभाजन गरी तिनको चर्चा र खण्डन गरेका छन् । अभाववादी मत अलङ्कारवादी, प्रसिद्ध प्रस्थानवादी र अन्तर्भाववादी गरी तीन हाँगामा विभाजित छ । अलङ्कारवादीहरूका अनुसार शब्द सौन्दर्य र अर्थसौन्दर्य रूप अलङ्कार नै काव्यको विशिष्ट तत्त्व हो । यसैका केन्द्रमा गुण रीति आदि काव्यतत्त्वले प्रसिद्धि पाएका छन् ।

यसभन्दा अतिरिक्त सौन्दर्यको कल्पना गर्नुको औचित्य छैन । प्रसिद्ध प्रस्थानवादीहरूका मतमा पहिले नै स्थापित प्रसिद्ध परम्पराबाट आएका अलङ्कारवादी मार्गभन्दा भिन्न काव्यतत्त्वको प्रकार मान्नु भनेको काव्यतत्त्वको हानी हुनु हो । अर्काथरी अन्तर्भाववादीहरूका विचारमा काव्यसौन्दर्य अभिधा तथा अलङ्कार आदिको चारुत्वभित्रै अन्तर्भाव हुने भएकाले ध्वनि भन्ने कुनै नयाँ नाम दिनु स्वीकार्य छैन । लक्षणावादी वा भाक्तवादीहरू लक्षणा वा गौणी वृत्तिबाटै व्यङ्ग्यार्थ बुझिने र ध्वनि लक्षणाभित्र समेटिन सक्ने हुँदा छुट्टै व्यञ्जना वा ध्वनि आवश्यक छैन भन्ने मत राख्दछन् । अनिर्वचनीयतावादीहरू ध्वनिलाई सहृदयसंवेद्य माने पनि यसको स्वरूप यस्तो हुन्छ भनी वाणीद्वारा व्यक्त गर्न नसकिने भएकाले यो अनिर्वचनीय हुन्छ भन्दछन् ।

आनन्दवर्धनले ध्वनि शब्द चमत्कार र अर्थ चमत्कारका कारक अलङ्कारहरूभन्दा भिन्नै प्रकारको तत्त्व भएकाले ध्वनिको अभाव मान्नु उपयुक्त छैन भनी पहिलो ध्वनि विरोधी अभाववादी मतको खण्डन गरेका छन् । उनका विचारमा शब्दार्थ चमत्कृति मात्र काव्यगत सौन्दर्य होइन । विशिष्ट वाचक शब्द र विशिष्ट वाच्यार्थले प्रतीति गराउने विशिष्ट अर्थ वा व्यङ्ग्यार्थ नै ध्वनि हो । प्रसिद्ध प्रस्थानवादी मतको परिहारका क्रममा ध्वनिको अस्तित्व पहिलेदेखि नै रहँदै आएको हो तर व्यवस्थित व्याख्या नहुँदा प्रसिद्ध मात्र नभएको हो भन्ने तर्क अघि सार्दै ध्वनिकारले परम्पराभन्दा भिन्न भएकाले ध्वनिमा काव्यत्व छैन र त्यो आह्लादकारी हुँदैन भन्नु पनि उचित होइन भनेका छन् । यसको पुष्टिका निम्ति उनले वाल्मीकिको रामायणमा अभिव्यक्त उनको क्रौन्च पक्षीप्रतिको शोकभावलाई साक्ष्यका रूपमा प्रस्तुत गरेका छन् । यसरी प्राचीन कविहरूका रचनामा ध्वनिको उपस्थिति पाइने हुँनाले यो कुनै नौलो काव्यतत्त्व नभएको कुरा स्पष्ट पारेका छन् । त्यसैगरी अलङ्कार सामान्य वाचक वाच्य सम्बन्धमा आधारित सौन्दर्य तत्त्व हो भने ध्वनिचाहिँ विशिष्ट व्यञ्जक-व्यङ्ग्य सम्बन्धबाट प्रकट हुने अतिरिक्त सौन्दर्य तत्त्व हो । त्यसैले ध्वनिको अलङ्कारसँग कसरी अन्तर्भाव हुन सक्छ ? ध्वनि स्वयम् अङ्गी हो भने अलङ्कार आदि अङ्ग हुन् । अङ्गभिभत्र अङ्गी समाहित हुने प्रश्न नै उठ्दैन भनी ध्वनिकारले अन्तर्भाववादी मतको तर्कपूर्ण खण्डन गरेका छन् । उनले लक्षणामा व्यञ्जनाको अन्तर्भाव हुन्छ भन्ने मत उचित छैन भन्दै लक्षणावादी वा भाक्तवादी मतको खण्डन गरेका छन् । लक्षणाबाट लक्ष्यार्थ मात्र बोध हुने तर व्यङ्ग्यार्थप्रधान ध्वनि त्यस्तो लक्षणाबाट प्रकट हुन नसक्ने उनको मान्यता रहेको छ । त्यसैगरी ध्वनिकारले सहृदयी भावकले आस्वादन गर्ने ध्वनिलाई अनिर्वचनीय भन्नु निरर्थक छ भनी अनिर्वचनीयतावादी मतको खण्डन गरेका छन् । अनेकौं युक्तिहरूद्वारा ध्वनिको व्याख्या र वर्गीकरण गर्न सकिन्छ भन्ने उनको तर्क छ ।

उपर्युल्लिखित ध्वनिविरोधी मतहरूको परिहार गरेर आनन्दवर्धनले ध्वनिवादको स्थापना गरे । यसपछि मुकुल भट्ट, भट्टनायक, महिम भट्ट, कुन्तक, धनञ्जय, कुमारिल भट्ट आदि आचार्यहरूले व्यञ्जना शक्तिको आवश्यकता स्वीकार गरेनन् । आचार्य मम्मटले यी ध्वनि विरोधी मतहरूको तर्कपूर्ण खण्डन गरी व्यञ्जना शक्तिलाई स्थापित गरेर ध्वनिवादलाई प्रतिष्ठित तुल्याए ।

आनन्दवर्धनले अर्थका भेदको उल्लेख गरी प्रतीयमान अर्थबारे विशेष प्रकाश पारेका छन् । उनले काव्यको प्रतीयमान अर्थ वा व्यङ्ग्यार्थलाई रमणीहरूको अङ्गअङ्गका व्यष्टि सौन्दर्यभन्दा भिन्न समष्टि लावण्यसँग तुलना गर्दै वाच्यार्थभन्दा भिन्न रूपमा कविहरूका वाणीमा प्रतिभासित हुने अर्थका रूपमा व्याख्या गरेका छन् (ध्वन्यालोक, १:४) । यसरी प्रकट हुने प्रतीयमान अर्थलाई काव्यको आत्मा भन्दै त्यस्तो अर्थ विशेष प्रतिभासम्पन्न

महाकविहरूको वाणीमा मात्रै प्रस्फुरण हुने र त्यो निर्मल प्रतिभाबाट निःसृत अन्तर्दृष्टिद्वारा बोध हुने बताइएको छ । व्यञ्जनामा भाषागत मितव्ययिता, अर्थगत सघनता र सूक्ष्मता रहने हुँदा चमत्कारपूर्ण भावसौन्दर्य प्रकट गर्ने शक्ति सामर्थ्यका दृष्टिले साहित्यमा यसको प्रभावकारी भूमिका रहन्छ र यसले साहित्यको श्रेणी मापनका निम्ति आधार प्रदान गर्दछ । यसै ध्वनि सिद्धान्तका आधारमा लक्ष्मीप्रसाद देवकोटाको 'आषाढको पन्ध्र' निबन्धको अध्ययन र विश्लेषण गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत लेख तयार गर्नका लागि अध्ययनसँग सम्बद्ध आवश्यक सम्पूर्ण सामग्रीहरू प्राथमिक तथा द्वितीयक स्रोतबाट सङ्कलन गरिएको छ । लक्ष्मीप्रसाद देवकोटाको 'आषाढको पन्ध्र' निबन्ध प्राथमिक स्रोतबाट र निबन्धको अध्ययनयसँग सम्बन्धित अन्य सैद्धान्तिक र प्रायोगिक पूर्वकार्यहरू, विभिन्न जर्नलमा प्रकाशित लेख, तथा सम्बन्धित क्षेत्रका समीक्षात्मक कार्यलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा उपयोग गरी पुस्तकालयीय कार्यका आधारमा सङ्कलित सामग्रीको अध्ययन कार्यलाई अघि बढाइएको छ ।

प्रस्तुत अध्ययनका लागि सङ्कलित सामग्रीहरूको विश्लेषण गर्ने सैद्धान्तिक आधार आनन्दवर्धनद्वारा प्रतिपादित ध्वनि सिद्धान्तलाई बनाइएको छ । यसै मान्यताका आधारमा 'आषाढको पन्ध्र' निबन्धमा अन्तर्निहित ध्वनि सौन्दर्यको निरूपण गर्न सामग्रीहरूको गहन पठन तथा वस्तुगत विश्लेषण गरी समस्याको प्राज्ञिक समाधानमा पुगिएको छ । यस अध्ययनमा नयाँ सिद्धान्तको स्थापना गर्ने उद्देश्य नराखी स्थापित सिद्धान्तका आधारमा सङ्कलित सामग्रीको अध्ययन, विश्लेषण एवम् मूल्याङ्कन गरिएको छ । यो अध्ययन मूलतः निगमनात्मक विधि र ढाँचामा तयार पारिएको भए पनि साक्ष्यहरूको विश्लेषणका क्रममा आगमनात्मक विधिसमेत उपयोग गरी सामान्यीकृत निष्कर्ष निकालिएको छ ।

### निबन्धको विश्लेषण

यहाँ विभिन्न उपशीर्षक एवम् साक्ष्यहरू प्रस्तुत गरी 'आषाढको पन्ध्र' निबन्धको विश्लेषण गरिएको छ ।

### निबन्धको विषयसन्दर्भ

'आषाढको पन्ध्र' लक्ष्मीप्रसाद देवकोटाको *लक्ष्मी निबन्ध सङ्ग्रह* (२००२) मा सङ्गृहीत निबन्ध हो । यस निबन्धमा शीर्षकभित्रै रोपाइँको सन्दर्भ समाहित छ। यसै सन्दर्भबाट निबन्धको विषयवस्तुको उठान पनि गरिएको छ । निबन्धकारले आफूले देखेको रोपाइँको परिदृश्य र त्यसबाट उत्पन्न भावलाई यसमा विषयबद्ध गरेका छन् । यस निबन्धमा कृषि कर्मसँग सम्बद्ध रोपाइँले सांस्कृतिक पर्वको रूप लिएको प्रसङ्ग उल्लेख छ । यहाँ मान्छेको प्राणरक्षाका निम्ति नभई नहुने खाद्यान्न र त्यसको उत्पादनमा अहोरात्र खट्ने सिर्जनशील र परिश्रमी किसानहरूलाई विशेष महत्त्व दिइएको छ। रोपाइँका क्रममा हुने हिलो छ्यापाछ्याप र सुरिलो भाकामा गाइने असारे गीतबाट निबन्धकार प्रभावित छन् अनि त्यही हिलाम्मे दृश्य र सुरम्य स्वर-माधुरीमा सुन्दर तथा मनमोहक प्राकृतिक जीवनको कल्पना गर्छन् । असारे गीतमा संलग्न रमणीहरूको तत्क्षण, स्वस्फूर्त र आशु रचनाशक्तिबाट उनी दङ्ग गर्छन् । तिनलाई बडो काटछाँट गरी कविता कोर्ने रचनाकर्मी र उस्तादी कसरतका उपज गायकसँग तुलना गर्छन् । सायास लेखन र गायन, कृत्रिम र शब्दाडम्बरपूर्ण पाण्डित्य प्रदर्शन गर्नेहरूका तुलनामा सहज, सरल र स्वस्फूर्त रचनामा उनी वास्तविक कलाको प्रतिबिम्बन भएको भाव व्यक्त गर्छन् । त्यस्तो कलाको उद्‌गम र प्रेरणाको स्रोत प्रकृति भएको ठहर गर्दै नागर सभ्यताभन्दा ग्रामीण सभ्यता र प्राकृतिक जीवन नै श्रेष्ठतर रहेको आशय व्यक्त गर्छन् । देवकोटा यहाँ मानवश्रमको प्रशंसा

गर्छन् र त्यसलाई स्वस्थ जीवनको मूल आधार ठान्दछन् । यसप्रकार आडम्बररहित प्राकृतिक जीवन पद्धति अँगाल्न मानव समाजलाई आह्वान गर्नु नै यस निबन्धको मुख्य विषयसन्दर्भ हो ।

### शीर्षकीय ध्वन्यार्थ

प्रस्तुत निबन्धको शीर्षक पदावली संरचनामा आबद्ध छ । 'आषाढको पन्ध्र' को कोशीय अर्थ असार महिनाको पन्ध्र गते भन्ने हुन्छ र यही नै यसको वाच्यार्थ हो ।

आषाढको पन्ध्र अर्थ बर्षाद अर्थात् अधिकांश नेपाली किसानहरूका खेतमा रोपाइँ कार्य थाल्ने दिन, दहीचिउरा खाने सांस्कृतिक परम्परा भन्ने तात्पर्य निस्कन्छ । 'आषाढको पन्ध्र' को अपेक्षित आशयसम्म अभिधा शब्दशक्ति पुग्न सकेको देखिँदैन । यस शब्दशक्तिसँग सम्बद्ध रही निबन्धको शीर्षकमा प्रतिबिम्बित आशयको खुलासा गर्न तेस्रो शब्दशक्ति अर्थात् व्यञ्जना शक्तिको आवश्यकता बोध भएको छ जुन ध्वनिसँग सम्बन्धित छ ।

खासगरी नेपाली ग्रामीण जनजीवनमा आषाढको पन्ध्रले विशेष महत्त्व राख्दछ । आषाढको पन्ध्र मूलतः कृषिकर्मसँग सम्बन्धित छ । नेपाल कृषिप्रधान मुलुक भएको हुँदा स्वभावैले यहाँका ग्रामीण नरनारी/कृषक वर्ग यस दिनलाई खाद्यान्न उत्पादनको आरम्भबिन्दु मान्दछन् । दहीचिउरा खाई उत्सवकै रूपमा मनाइने यस दिनले रोपाइँ संस्कृतिको स्वरूप धारणा गरेको छ । जीवको सम्बन्ध खाद्य पदार्थसँग प्रत्यक्ष रूपले जोडिएको हुन्छ । मानवशरीर यसबाट पृथक् छैन । स्वस्थ खाद्यले शरीरको विकासका निम्ति मद्दत गर्छ भने शरीर स्वस्थ भएपछि त्यसैअनुरूप मस्तिष्कको विकास हुने तथ्य स्पष्टै छ । स्वस्थ मस्तिष्कबाटै नवनवोन्मेषशाली प्रज्ञा र त्यसबाट नवीन सिजृनाका अनन्त ढोकाहरू खुल्ने सन्दर्भसँग शीर्षकीय संरचनाको आशय विस्तार हुन सक्दछ । आषाढको पन्ध्र त्यो दिन हो जुन दिनमा आगामी वर्षभरिको जीविकोपार्जनका निम्ति किसानहरू अन्न फलाउने उद्देश्यले विशेष तत्परताका साथ रोपाइँको आरम्भ गर्छन् । प्रकृतिको यो अनुपम वरदानबाट किसानहरू उमङ्गित हुनु त छँदैछ, गैर किसानहरूसमेत यस दिनलाई महत्त्वका साथ लिने गर्दछन् । यसबाट आषाढको पन्ध्र सबै वर्गका मानिसहरूको जीवनाधार हुनुका साथै मानवश्रमको पृष्ठाधार एवम् उत्पादनशीलता र नव सिर्जनाको समेत प्रेरणास्रोत हो भन्ने आशय अभिव्यञ्जित भएको हुँदा ध्वनि सौन्दर्यका दृष्टिले शीर्षकविधान अर्थपूर्ण देखिन्छ ।

### साक्ष्यहरू र तिनको ध्वन्यार्थ

'आषाढको पन्ध्र' आद्यन्त सशक्त रूपमा ध्वन्यार्थ व्यञ्जित गर्ने निबन्ध हो । यहाँ साक्ष्यका रूपमा निबन्धका केही अंशहरूलाई छनोट गरी तिनमा प्रयुक्त ध्वनितात्त्विक पदपदावलीहरूबाट अभिव्यञ्जित हुने ध्वन्यार्थको विश्लेषण गरिएको छ ।

### साक्ष्य १

"प्रेमको अवलोकनले प्रकृतिका सौन्दर्यमा वैचित्र्य थप्दछ, भावको रङ्गले दुनियाँको रङ्ग चढाउँछ" (पृ. ८०) ।

माथिका पङ्क्तिहरू 'आषाढको पन्ध्र' निबन्धको पहिलो अनुच्छेदभित्र संरचित छन् । निबन्धको पृष्ठभूमिका रूपमा प्रस्तुत भएका यी पङ्क्तिहरूमा 'प्रेमको अवलोकनले सौन्दर्यमा विचित्रता थप्ने र भावको रङ्गले रङ्ग चढाउने' भन्नुमा वाच्यार्थ बाधित छ । सदाशयले गरिने अवलोकन र सद्भावपूर्ण भन्ने आशयमा यसको लक्ष्यार्थ खोज्न सकिन्छ । उक्त अंशको आशय लक्षणाशक्तिबाट प्रकट हुने अर्थभन्दा पर छ । जीवनजगत्लाई हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन आउनु जरुरी छ । सम्पूर्ण दृष्टिभ्रमबाट मुक्त भई सकारात्मक

दृष्टिले हेर्ने हो भने चराचरजगत् ज्यादै सुन्दर लाग्दछ । मानवजीवन प्रकृतिको सुन्दर रचना हो भन्ने चैतन्यबोध हुनासाथ जीवन आनन्दित र उल्लासमय बन्दछ भन्ने आशय यहाँ व्यञ्जना शक्तिका माध्यमबाट ध्वनित भएको छ ।

**साक्ष्य २**

"यिनीहरूको सुरिलो, सहज आवाजले हावाका सिरिला लहरमा हृदयको सुवास चढाइदिन्छ । यस्ता गलाको प्राकृतिक माधुरीले सारा गानविद्याका कठोर तरज, सास पसिना काढ्ने वस्तादहरूका रफत, महफिलका विकृत चेहरादार गवैयाहरू सारा गान विद्याको चेहरा सरमले लाल गराइदिन्छ । यिनीहरूको खुला आवाज आभ्यासको कमारो हुँदैन; ती शब्दहरू हृदयका उद्गार हुन्छन् । तिनीहरूलाई आनन्द र भावको जोडले नै सुरिलो माधुरी दिन्छ । कुनै कोइलीलाई तानपुरा लिएर पसिना काढ्नु पर्दैन" (पृ. ८१) ।

यहाँ 'हृदयको सुवास चढाइदिने' भनिएको छ । यसको वाच्यार्थमा बाधा उत्पन्न भएको छ । कसैको सुरिलो आवाजले आत्मीयता र हार्दिकता बढाउँछ भन्ने यसको लक्ष्यार्थ हो । त्यसैगरी गानविद्याको कुनै चेहरा नहुने हुँदा मुख्यार्थमा बाधा उत्पन्न भई त्यसैसँग सम्बद्ध सङ्गीत विद्याको ढाँचा वा स्वरूप भन्ने लक्ष्यार्थ प्रकट हुन्छ । 'यिनीहरूको खुला आवाज अभ्यासको कमारो हुँदैन' भन्ने वाक्यमा 'आवाज' र 'कमारो' बिचको अर्थसम्बन्ध मेल खाँदैन, त्यसैले मुख्यार्थ बाधित भएको छ । यसबाट अभ्यास वा साधनाका बलमा गाउने गायक भन्ने लक्ष्यार्थ बोध हुन्छ । त्यस्तै 'कुनै कोइलीलाई तानपुरा लिएर पसिना काढ्नु पर्दैन' भन्ने वाक्यमा कोइली, तानपुरा र पसिना शब्दका अर्थहरूका बिच बेमेल हुँदा वाच्यार्थमा अवरोध आएको छ । यहाँ लक्षणा शक्तिद्वारा 'कोइली' भन्नाले ग्रामीण युवती र तिनको सुरिलो स्वर भन्ने लक्ष्यार्थ प्रकट हुन्छ । 'पत्थरको छाती' मा पनि यही कुरा लागु हुन्छ । ढुङ्गाको छाती नहुने हुँदा मुख्यार्थ बाधित छ भने त्यसैसँग सम्बद्ध तर भिन्न अर्थमा 'कठोर हृदय भएको मान्छे' भन्ने लक्ष्यार्थ बोध हुन्छ ।

माथिको चर्चामा आएका वाच्यार्थका बाधित अवस्थाहरू र लक्ष्यार्थबाट तिनको खोलुवा गर्दासमेत तिनको पहुँचले नभेटेका प्रतीयमान अर्थहरूको खोजी गर्नुपर्ने हुन्छ । पाखापखेरा र प्राकृतिक परिवेशमा हुर्केका ग्राम्य वनिताका स्वरमा सहृदयी भावकको मनलाई झङ्कृत गराइदिने सामर्थ्य हुन्छ जसले शुष्क र कठोर हृदय हुनेहरूका संवेदना पनि ब्युँझाइदिन्छ । स्वस्फूर्त र स्वचालित ढङ्गले गीतिकला निकाल्ने गला प्रकृतिका अनुपम उपहार हुन् । यिनका सामु अभ्यासका नियन्त्रणमा चल्ने उस्तादहरूका बनावटीपन र सायासजन्य गीत, सङ्गीत फिक्का हुन्छन् भन्ने प्रतीयमान अर्थ माथिको साक्ष्यबाट उद्भाषित हुन्छन् । सहरिया जीवनका रिक्तता र तिक्तताभन्दा भरिलो र रसिलो ग्रामीण प्राकृतिक जीवन कता हो कता हार्दिक र सुन्दर हुन्छ भन्ने आशय यहाँ अभिव्यञ्जित छ । यस कुरालाई तलको साक्ष्यले थप पुष्टि गर्दछ :

**साक्ष्य ३ :**

"यो खुसीयाली र आनन्दले प्रकृतिबाट पन्छिएर अलग रहन खोज्ने सहरलाई पनि नछोएको छैन" (पृ. ८१) ।

प्रस्तुत पङ्क्तिमा 'प्रकृतिबाट पन्छिएर अलग रहन खोज्ने सहर' भनिएको छ । सहर आफ्नो सक्रियतामा पन्छिने र अलग रहने भन्ने कुरा असम्भव छ । त्यसैले यहाँ मुख्यार्थमा बाधा उत्पन्न भएको छ । यससँग सम्बद्ध भई रुढि लक्षणाद्वारा 'सहरबासी नरनारी' भन्ने तात्पर्यमा 'सहर' शब्दको लाक्षणिक अर्थ लगाउनु पर्ने हुन्छ । लक्ष्यार्थको सीमा यहीं समाप्त हुन्छ तर अपेक्षित अर्थको जिज्ञासा रहिरहन्छ । त्यस जिज्ञासाको शमनका

निम्ति व्यञ्जना शक्तिलाई नै अघि सार्नुपर्ने हुन्छ । प्राकृतिक जीवनबाट पलायन हुँदै नागर सभ्यतातर्फ आकर्षित हुने प्रवृत्ति बढ्दो छ । सुख सुविधा र सम्पन्नता खोल्दै सहर पस्ने मान्छे झन्झन् कठिनाइ, एक्लोपन र हार्दिक विपन्नताको गर्तमा धकेलिएको छ । प्रकृतिसित विच्छेदित हुँदै सहरको भुलभुलैयामा लोभिएको मान्छे चार गारो र छानाले ढाकेको साँघुरो वृत्तभित्र निसास्सिन पुगेको छ । यही भावकेन्द्रमा उपर्युक्त साक्ष्यले निबन्धकार देवकोटाको ग्रामीण प्राकृतिक जीवनप्रतिको आकर्षण एवम् नागर जीवन र सभ्यताप्रतिको विकर्षणलाई प्रस्तुत गर्दै उनको स्वच्छन्दतावादी चैतन्यबोधलाई ध्वनित गरेको छ ।

**साक्ष्य ४**

"हामी कविता बनाउन चाहन्छौँ, निकाल्न चाहँदैनौं । यिनीहरू बनाउँदैनन्, भित्रैबाट झिक्तछन् । हाम्रो शब्दको चातुरी छ, यिनको भावको माधुरी" (पृ. ८३) ।

यी पङ्क्ति गद्य संरचनामा भएर पनि कवितात्मक छनक दिने खालका छन् । वाच्यार्थका तहमा खासै अवरोध नदेखिने तर अन्य अर्थको अपेक्षा राख्ने उपर्युक्त पङ्क्तिहरूमा अभिव्यञ्जित अर्थ अभिधामूल व्यञ्जनाकै आधारमा प्रकट हुन सक्ने देखिन्छ । यहाँ 'हामी' भनेर निबन्धकारले समकालीन कविहरूलाई सङ्केत गर्न खोजेका छन् भने 'यिनीहरू' भनेर असारे भाकामा गीत गाउने नेपाली नारीहरूलाई सङ्केत गरेका छन् । 'हामी' भित्र आफूलाई समेत समाहित गरी देवकोटाले बडो चतुरताका साथ परिष्कारका नाममा शब्दलाई काटछाँट गरी तौलेर कविता लेख्ने, भावनाको स्वस्फूर्त वेगलाई लगाम लगाउने र नियन्त्रित लेखनमा रमाउने शास्त्रीयतावादी कविहरूप्रति व्यङ्ग्य गरेका छन् । असारे भाकामा गाउने ग्रामीण नारीहरूका गीत शब्दाडम्बर र बनावटीपनदेखि मुक्त छन् । सरलता, सहजता, स्वस्फूर्तता र तत्क्षणता यिनका मौलिक पहिचान बनेका छन् । आँशु रचनाशक्तिका धनी ती नारीहरूका गीत भावगत गहिराइ र लयमाधुर्यका दृष्टिले समेत उँचा छन् भन्ने आशय माथिका पङ्क्तिहरूमा अभिव्यञ्जित छ । यन्त्रबुद्धि, उस्तादी कसरत, पाण्डित्य प्रदर्शन जस्ता कुराप्रति अरूचि प्रकट गर्दै सहज स्वच्छन्द लेखनका पक्षमा पैरवी गर्ने देवकोटाको कलामान्यता उक्त साक्ष्यमा ध्वनित भएको छ ।

**साक्ष्य ५**

"परिश्रमले हद से हद खस्रा रुखा खानामा पनि विचित्र स्वाद दिँदो रहेछ, अपूर्व माधुरी भर्दोरहेछ । हामी स्वाद बाहिर खोज्दछौँ, यिनीहरू भित्रैबाट निकाल्दछन् । हामी मसलामाथि सुगन्ध थप्दछौँ र कलेजामाथि अत्याचार गर्दछौँ" (पृ. ८४) ।

यस साक्ष्यमा भोक मिठो कि भोजन मिठो भन्ने सवालसँग सम्बद्ध बहस समाविष्ट छ । यहाँ भोजनभन्दा भोक मिठो भन्ने कुरा पुष्टि गर्न परिश्रमलाई अगाडि सारिएको छ । श्रमले भोक जगाउने र पाचन प्रणालीलाई सन्तुलनमा राख्ने कुरा सत्य हो । श्रम गरी पसिना बगाउने मान्छे रुखासुखा अर्थात् प्राकृतिक खानामै वास्तविक स्वाद भेट्दछन् र आनन्दपूर्वक दीर्घजीवन बाँच्दछन् भन्ने आशय यहाँ व्यक्त भएको छ । श्रम नगर्ने, प्राकृतिक स्वादलाई चिन्न नसक्ने अनि अनेक कृत्रिम मसलामा स्वाद देख्ने र त्यस्ता परिकारको खोजीमा बाहिरबाहिर चहार्ने जीवनशैली आफैँसँग भएको बिनाको सुगन्ध अन्यत्र खोज्दै भौंतारिने कस्तुरीको भन्दा फरक नभएको भन्ने टिप्पणी व्यञ्जनामार्फत् गरिएको छ । नागर सभ्यताका विलासी र कृत्रिम जीवनशैलीप्रति लक्षित गर्दै आहारविहारको प्राकृतिक अनुशासनलाई बेवास्ता गर्दा सहरिया जीवन विभिन्न रोगको सिकार बन्ने परिस्थितितर्फ यस साक्ष्यले सङ्केत गरेको छ । प्रकृतिको सुन्दर रचनास्वरूप प्राप्त जीवनलाई स्वस्थ र चुस्तदुरुस्त पार्दै कर्ममा प्रवृत्त हुनु नै

मानव जीवनको सार्थकता हो भन्ने ध्वन्यार्थ यहाँ प्रतिभासित छ ।

**साक्ष्य ६**

"रोपाइँको बेला, बिजुली चम्क्यो, झरीले गीत गायो,
बादलको तल खोला है उफ्र्यो, दिल मेरो नचायो ।
आजको राम्रो यो हिले बुट्टा चोलीमा छिपेको,
आज र हाँस्यो, आज र गायो
भोलि ता कठै ! को रुन्छ देखी कालले टिपेको !

यस साक्ष्यले रोपाइँको परिवेश र त्यसबाट मानव मनमा उत्पन्न भावको एकसाथ चित्रण गरेको छ । पहिलो पङ्क्तिमा 'झरीले गीत गायो' भनिएको छ । झरीले गीत गाउन नसक्ने हुनाले यहाँ मुख्यार्थ बाधित छ । लक्षणाशक्तिद्वारा मुख्यार्थसँग सम्बद्ध अर्को अर्थ लगाउँदा वर्षायाममा आकाशबाट सुसाएर पानी परेको भन्ने लक्ष्यार्थ प्रकट हुन्छ । किसानहरूलाई उत्पादन कार्यमा संलग्न हुन हौस्याउने प्रेरणास्रोतका रूपमा उक्त वाक्यको अर्थ ध्वनित भएको छ । त्यसैगरी दोस्रो पङ्क्तिमा खोला उफ्रने र दिल नचाउने प्रसङ्ग उल्लेख छ । बर्षादको बेला खोलामा प्रशस्त पानी हुने हुनाले त्यो गडगडाउनु स्वाभाविक छ तर दिल ननाच्ने हुनाले यहाँ मुख्यार्थमा बाधा उत्पन्न भएको छ । मन फुरुङ्ग हुनु वा हृदय आह्लादित हुनु यसको लक्ष्यार्थ हो । रोपाइँको समय, झमझम पानी परेको दृश्य, खोलानालाको गडगडाहट आदिले गर्दा समग्र प्राकृतिक परिवेश नै उल्लसित भएको अवस्थामा मानवमन त्यसबाट असम्पृक्त हुने कुरै भएन । स्वाभाविक रूपमा मानवहृदय पनि प्रकृतिसितको तादात्म्य भावमा खुसी साटासाट गर्न तत्पर रहेको आशय यहाँ अभिव्यञ्जित छ । तेस्रो पङ्क्तिमा वर्णित 'हिले बुट्टा' ले चोलीमा छ्यापिएको हिलोमा परेको दराररलाई जनाएको छ भने 'चोली' शब्दको वाच्यार्थमा बाधा उत्पन्न भएको छ । 'चोली' शब्दले फगत् कपडाविशेष मात्र नबुझाई चोली लगाएकी नारीको स्वरूप भन्ने लक्ष्यार्थ बोध गराएको छ । अघिपछि शरीरमा लाग्दा भद्दा र कुरूप देखिने हिलो रोपाइँका बेला आङभरि छ्यापिँदा पनि सुन्दर देखिएको प्रसङ्गबाट सौन्दर्य वस्तुमा नभई त्यसलाई हेर्ने दृष्टिकोणमा निहित हुन्छ भन्ने गूढ अर्थ कलात्मक ढङ्गले अभिव्यञ्जित भएको छ । प्रकृतिको सुन्दर सृष्टिस्वरूप, प्राप्त जीवन त्यसकै सामीप्यमा आनन्दपूर्वक बाँच्नका निम्ति हो । भूत विगत भयो, आगत कसैका नियन्त्रणमा छैन; वर्तमानमा जे प्राप्त छ त्यसैमा रमाउन र जीवनलाई सुन्दर पार्न जान्नु नै बुद्धिमत्ता हो भन्ने आशयकेन्द्रमा अन्तिम दोस्रो पङ्क्तिको ध्वन्यार्थ प्रकट भएको छ । गीतको अन्तिम पङ्क्तिको अन्वय गर्दा भोलि कालले टिपेको देखेर कठै ! को रुन्छ ? भन्ने हुन्छ । 'भोलि' को वाच्यार्थ पर्सिको हिजो हो अर्थात् आजपछिको लगत्तै अर्को दिन हो । भोलि नै कालले टिप्ने कुरामा सङ्गति देखिँदैन, त्यसैले वाच्यार्थ बाधित छ । लक्षणाद्वारा 'भोलि' को अर्थ आजदेखि उप्रान्तका अरू दिनहरू अर्थात् भविष्य भन्ने अर्थ प्रकट हुन्छ । त्यस्तै 'कालले टिप्नु' मा पनि वाच्यार्थ बाधित छ किनभने समयले टिप्ने कुरा हुँदैन । यसको लाक्षणिक अर्थ मरण हो । क्षणभङ्गुर जीवनको अस्तित्व जन्म र मृत्युका बिचमा छ । मृत्यु शाश्वत् सत्य हो । वर्तमानलाई बढीभन्दा बढी उपयोगी तुल्याउनु बुद्धिमानी कार्य हो । त्यसमा प्रकृतिको सहयोगी र प्रेरणादायी भूमिका रहन्छ । प्राकृतिक जीवनमा नै वास्तविक सुखको प्राप्ति हुन्छ । यही आशयका परिवृत्तमा उक्त पङ्क्तिको ध्वन्यार्थ प्रकट भएको छ ।

**सौन्दर्यात्मक रूपान्तरण**

उपर्युल्लिखित साक्ष्यहरूको विश्लेषणका आधारमा 'आषाढको पन्ध्र' निबन्धमा अन्तर्निहित ध्वनिसौन्दर्यको सन्धान गर्न सकिन्छ । एउटा सामान्य प्रसङ्ग उठाएर त्यसका परिवृत्तबाट गहन विचार प्रक्षेपण गर्न सक्नुमा यस निबन्धमा सन्निहित ध्वनिसामर्थ्यकै भूमिका छ । स्वच्छन्दतावादी

विचारलाई सोझै प्रस्तुत नगरी त्यसलाई निबन्ध संरचनामा अन्तर्घुलित गराएर विशिष्ट र कलात्मक रूपमा प्रस्तुत गर्नु ध्वनिसौष्ठव नै हो । यसलाई विचार र निबन्धकलाको चारुत्वपूर्ण संश्लेषण भन्न सकिन्छ । काल्पनिकतालाई सत्यको नजिक पुऱ्याएर बेजोड अभिव्यञ्जना गर्नमा निबन्धकारलाई ध्वनिसामर्थ्यले नै सघाएको छ । यो ध्वनिसामर्थ्य उत्पन्न गर्नमा देवकोटामा रहेको रमरम बौद्धिकताले काम गरेको मान्न सकिन्छ । यसमा विचारको कलात्मक रूपान्तरण गरिएको छ । यसरी कलालाई संवाहक बनाएर विचारलाई निबन्धमार्फत सुरक्षित अवतरण गराउन सक्नुमा ध्वनिसामर्थ्यको अहम् भूमिका छ । ध्वनिसौन्दर्यका दृष्टिले यही नै प्रस्तुत निबन्धको कलात्मक मूल्य र प्राप्ति हो ।

## शैक्षणिक उपादेयता

भाषा विचार विनिमयको सशक्त माध्यम हो भने साहित्य भाषाको विशिष्ट अभिव्यक्ति हो । त्यसैले स्वभावतः भाषा र साहित्य एकापसमा अन्तर्सम्बन्धित हुन्छन् । भाषिक सिप विकासका लागि साहित्यिक विधाहरूलाई आधार सामग्रीका रूपमा उपयोग गरिन्छ । अतः भाषा र साहित्यलाई अन्तर्सम्बन्धित तुल्याएर उचित ढङ्गले शिक्षण गर्न सकिन्छ । निबन्ध पनि एउटा साहित्यिक विधा भएको हुँदा यसको शिक्षणले भाषाको सिर्जनात्मक तथा समीक्षात्मक अभिव्यक्ति सिपको विकास गर्न सघाउ पुऱ्याउँछ । शिक्षणीय भाषाको प्रयोगसामर्थ्य अभिवृद्धिका लागि निबन्ध रचनामा अभिव्यक्त ध्वन्यार्थबाट पर्याप्त सहयोग लिन सकिन्छ । रस, अलङ्कार आदिको कुशल प्रयोगद्वारा उत्पन्न भावसौन्दर्यको सूक्ष्म विश्लेषण गरी निबन्धलाई आस्वादनीय दृष्टिले शिक्षण गर्न ध्वनिवादी पद्धतिले महत्त्वपूर्ण आधार प्रदान गर्दछ । ध्वनि सिद्धान्तले निबन्धात्मक अभिव्यक्तिमा अन्तर्निहित सौन्दर्यको उद्घाटन गर्ने हुँदा तज्जन्य शैक्षणिक क्रियाकलापका माध्यमबाट त्यस्तो भावसौन्दर्यको खोजी गरी रचनाकर्ममा प्रवृत्त हुन विद्यार्थीहरूलाई अभिप्रेरणा प्राप्त हुन्छ । शब्दार्थ र शब्दभण्डारसम्बन्धी कार्यकलाप गराई अर्थबोध एवम् शब्दभण्डार क्षमता अभिवृद्धि गर्न सकिन्छ ।

यसप्रकार ध्वनिवादी पद्धतिको समुचित उपयोगद्वारा भाषिक सिप विकास एवम् आस्वादनीय दृष्टिले रुचिपूर्ण र प्रभावकारी शिक्षणका माध्यमबाट शिक्षार्थीको बोध र अभिव्यक्ति क्षमता प्रवर्धन गर्न सकिने देखिन्छ ।

## निष्कर्ष

'आषाढको पन्ध्र' निबन्धकार देवकोटाद्वारा आत्मनिवेदनका रूपमा लेखिएको निबन्ध हो । यस निबन्धलाई उनको मात्र नभई आधुनिक नेपाली निबन्धकै प्रथम रचना मानिन्छ । यस निबन्धमार्फत देवकोटाले नागर सभ्यताप्रतिको वितृष्णा र ग्रामीण प्राकृतिक जीवनप्रतिको तृष्णाभावलाई आत्मपरक शैलीमा व्यक्त गरेका छन् । निबन्धको तात्त्विक सन्तुलनलाई कायम राख्दै कृषि उत्पादन र त्यससँग सम्बद्ध विभिन्न सन्दर्भका भित्तिमा जीवनसम्बन्धी आफ्ना धारणा प्रस्तुत गरेका छन् । कतिपय वस्तु र सन्दर्भबाट अभिप्रेरित विचारलाई मौलिक स्वरूप प्रदान गरी कलात्मक ढङ्गले अभिव्यक्ति दिन सक्ने देवकोटाले यस निबन्धमा नेपाली संस्कृति, लोकजीवन, सभ्यता, कला आदिका माध्यमबाट स्वराष्ट्र र स्वजातिको पहिचान गराई त्यसलाई गुरुत्व प्रदान गरेका छन् । लोकजीवन र परम्परामा हुर्केबढेको प्राकृतिक काव्यतत्त्वको महिमा गाउने देवकोटाले स्वतन्त्र, स्वस्फूर्त, हृदयसंवेद्य र प्राकृत गुणसम्पन्न कला साहित्यका पक्षमा रही विवेच्य निबन्धमार्फत स्वच्छन्दतावादी भावधारालाई वाणी दिएका छन् । कोमल पदपदावलीको प्रयोगद्वारा गम्भीर अर्थ प्रकट गर्न सक्ने ध्वनिसामर्थ्य भएको यस निबन्धले मिहिन ढङ्गले गद्यकवितात्मक छनक प्रस्तुत गरेको छ । भविष्यप्रति निश्चिन्त रही विगतबाट पाठ सिक्दै वर्तमानमा प्रकृतिसितको

सामीप्यमा कर्मशील भएर बाँच्नु नै जीवनको सार्थकता हो भन्ने आशयमा समग्र निबन्धको ध्वन्यार्थ केन्द्रित रहेको मान्न सकिन्छ। निबन्धकला र ध्वनिसौन्दर्यका दृष्टिले 'आषाढको पन्ध्र' निबन्धकार देवकोटाको उत्कृष्ट निबन्ध हो ।

विवेच्य निबन्धलाई गद्य शिक्षणका स्थापित विधि अपनाई शिक्षण गर्ने सन्दर्भमा निबन्धको कलापक्ष र भावपक्षको समन्वित विश्लेषण गर्ने समन्वयवादी ध्वनि सिद्धान्तसँग सम्बद्ध गरी शिक्षण गर्न सकिने र यसरी शिक्षण गर्दा शिक्षार्थीहरूको बोध र अभिव्यक्ति क्षमता वृद्धि गर्न प्रशस्त सघाउ पुग्ने देखिन्छ ।

## सन्दर्भसूची

अधिकारी, हेमाङ्गराज (२०६७), *पूर्वीय समालोचना सिद्धान्त* (सातौं संस्क.), ललितपुर : साझा प्रकाशन ।

आनन्दवर्धन (सन् २०१०), *ध्वन्यालोक व्या. विश्वेश्वर* (तेस्रो संस्क.), वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

उपाध्याय, केशवप्रसाद (२०४८), *पूर्वीय साहित्य सिद्धान्त* (दोस्रो संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

ओझा, रामनाथ (२०६९), लक्ष्मीप्रसाद देवकाटाका निबन्धमा व्यक्त मान्यताहरू, *सम्प्रेषण,* वर्ष ८, अङ्क ७, पृ. १२१ ।

खण्डेलवाल, जयकिशनप्रसाद (सन् १९८३), *साहित्य दर्पण : आलोचनात्मक अध्ययन* (तेस्रो संस्क.), आगरा : विनोद पुस्तक मन्दिर ।

गडतौला, नारायण (२०७०), देवकोटाका निबन्धमा वैचारिक पक्ष, *प्राज्ञिक संसार,* वर्ष १, अङ्क ८, पृ. ३३ ।

गडतौला, नारायण (२०७१), *रस र ध्वनि सिद्धान्त,* काठमाडौँ : प्रगति पुस्तक प्रकाशन प्रा.लि. ।

त्रिपाठी, वासुदेव (२०७०), निबन्धकार देवकोटा र उनको भलाद्मी निबन्ध, *प्राज्ञिक संसार,* वर्ष १, अङ्क ८, पृ.पृ. १-३ ।

देवकोटा, लक्ष्मीप्रसाद (२०४७), *लक्ष्मी निबन्ध सङ्ग्रह* (बाह्रौं संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

पौडेल, विष्णुप्रसाद (२०५७), *संस्कृत काव्यशास्त्र,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भट्ट, रामचन्द्र (२०५६), *पौरस्त्य समालोचना सिद्धान्त र संस्कृत साहित्यको झलक,* ललितपुर : सगरमाथा फाइनान्स सहकारी लि. ।

रोकाया, मानबहादुर (२०६४), देवकोटाको निबन्ध कला, *सम्प्रेषण,* वर्ष ४, अङ्क ४, पृ. १८४ ।

शर्मा, ऋषिराम (२०७०), देवकोटाका निबन्धात्मक प्रवृत्ति र कला र जीवन निबन्ध, *प्राज्ञिक संसार,* वर्ष १, अङ्क ८, पृ.पृ. ११६-११८ ।

शर्मा, तारानाथ (२०५१), *नेपाली साहित्यको इतिहास* (तेस्रो संस्क.), काठमाडौँ : नवीन प्रकाशन ।

शर्मा, शान्तिप्रसाद (सन् १९९७), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* सिलगढी : नेपाली साहित्य प्रचार समिति ।

श्रेष्ठ, दयाराम र शर्मा मोहनराज (२०४०), *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,* (दोस्रो संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

सिग्द्याल, सोमनाथ शर्म्मा (२०५८), *साहित्यप्रदीप,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र (२०४३), *स्रष्टा सृष्टि : द्रष्टा दृष्टि,* काठमाडौँ : साझा प्रकाशन ।